## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०८/११ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु कविन्द्र कुमार के.सी., मोहन कुमार बि.सी., गोविन्दप्रसाद दहाल, टेकबहादुर रावल, जगत महतरा, चन्द्रप्रकाश थापा, मिना पोखरेल हमाल, गौतम महर्जन, लक्ष्मीकुमारी थापा क्षेत्री, भोजप्रसाद उपाध्याय र कमल चित्रकार मु.नं (०८०-CR-०१२१) फैसला मिति २०८१/०३/१६ | सरकारी रकम दुरुपयोग तथा हिनामिना गरी भ्रष्टाचार गरेको। | आयोगको माग दावी<br>• डिभिजन वन कार्यालय, सुर्खेतका तत्कालीन डिभिजनल वन अधिकृत गोविन्द प्रसाद दहाल, तत्कालीन सहायक वन अधिकृत टेकबहादुर रावल र तत्कलिन लेखापाल लक्ष्मी कुमारी थापा क्षेत्रीले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसूर गरेको पुष्टि भएकोले निज प्रतिवादीहरुलाई रु.८४,८६,६४२।-(अक्षेरुपी चौरासी लाख छयासी हजार छ सय बयालिस रुपियाँ) बिगो कायम गरी ऐ.ऐ. ऐनको दफा १७ ले निर्देश गरे मुताविक ऐ.ऐ.ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ज) बमोजिम कैद सजाय र बिगो बमोजिम जरिवाना गरी ऐ.ऐ.ऐनको दफा १७ बमोजिम हानीनोक्सानीको बिगो निजहरुबाट असुल उपर हुन मागदावी लिइएको देखिन्छ।<br>• सिम्ता सव डिभिजन वन कार्यालयका तत्कालिन रेन्जर कमल चित्रकार र भोजप्रसाद उपाध्यायले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुरको ऐ.ऐ.ऐनको दफा २२ बमोजिम मतियारको कसूर गरेको पुष्टि भएको हुँदा प्रतिवादीहरु भोजप्रसाद उपाध्याय र कमल चित्रकारलाई क्रमशः रु.७१,७७,४३५।-(अक्षेरुपी एकहत्तर लाख सतहत्तर हजार चार सय पैतिस) र रु.८,६१,३२८।-(अक्षेरुपी आठ लाख एकसठ्ठी हजार तिनसय अठ्ठाईस) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले हुने सजायमा ऐ. ऐ.ऐनको दफा २२ बमोजिमको सजाय हुन मागदावी लिइएको देखिन्छ।<br>• सिम्ता हाईटेक नर्सरीको उपभोक्ता समितिको अध्यक्ष जगत महतरा, उपभोक्ता समितिका सचिव चन्द्रप्रकाश थापा र उपभोक्ता समितिका कोषाध्यक्ष मिना पोखरेल हमालले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसूर गरेको पुष्टि भएकोले निज प्रतिवादीहरु जगत महतरा, चन्द्र प्रकाश थापा र मिना पोखरेल हमाललाई रु.८४,८६,६४२।-(अक्षेरुपी चौरासी लाख छयासी हजार छ सय बयालिस रुपियाँ) बिगो कायम गरी ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिमको सजाय गरी उक्त बिगोसमेत निज | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७७/०५/१६ को प्रतिवेदन र मिति २०७९/१०/१५ को स्थलगत मुचुल्का तथा प्राविधिक प्रतिवेदनमा सम्झौता बमोजिम नै हाइटेक नर्सरी निर्माण भएको कुरा स्वीकार गरेको देखिन्छ।<br>• नर्सरी व्यवस्थापन तथा सञ्चालन सम्बन्धमा नर्सरी व्यवस्थापन तथा सञ्चालन कार्यविधि,२०७८ मिति २०७८/१२/०२ गते मात्र जारी भएको अवस्था हुँदा सो मिति अधि भएको कामको सम्बन्धमा को कसको जिम्मेवारी भित्र पर्ने हो, सो खुलेको नदेखिंदा प्रतिवादीहरु उपरको दावी पुष्टि हुन सकेन। | • सुर्खेत जिल्लाको सिम्ता गाउँपालिका वडा नं.५ स्थित आली भन्ने स्थानमा १ करोड ४ लाखमा ५३ हजारमा निर्माण भएको हाइटेक नर्सरीमा व्यापक अनियमितता भएको भन्ने सुर्खेत पत्रमा समाचार प्रकाशित समाचार पश्चात अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कर्मचारी खटाई छानविन गरी थप अनुसन्धान पश्चात निज प्रतिवादीहरु कविन्द्र कुमार के.सी.समेत-११ जना उपर विशेष अदालत समक्ष आरोपपत्र दायर भएको प्रस्तुत मुद्दामा कर्णाली प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आ.व. ०७६।०७७ को स्वीकृत कार्यक्रममा उच्च प्रविधिको नर्सरी स्थापना (क्रमागत योजना, अन्य सार्वजनिक निर्माण) भनी रु. एक करोड बजेट विनियोजन भएर आए बमोजिम उक्त नर्सरी स्थापना र सञ्चालनका लागि मन्त्रालयबाट स्वीकृत उच्च प्रविधिको नर्सरी (Hi-tech Nursery) स्थापना र सञ्चालन कार्यविधि, २०७५ को दफा ४ बमोजिम मिति २०७६/०८/०६ गते जगत महताराको अध्यक्षतामा ११ सदस्यीय उपभोक्ता समिति गठन गरी मु.अ.कर समेत रु.९९,६९,११८।५० बराबरको लागत अनुमान रहेको प्रस्तुत योजनामा **वडाअध्यक्ष प्रतिवादी मोहनकुमार बि.सी .र उपभोक्ता समितिको अध्यक्ष प्रतिवादी जगत महताराले** उच्च प्रविधियुक्त नर्सरी निर्माण गरी कम्तिमा १० दश वर्षसम्म निरन्तरता दिने र प्रस्ताव अनुसारको कार्य गर्न कुल लागतको कम्तिमा १०% रकम स्व-लगानी गर्न समेत मन्जुर रही प्रस्तावमा उल्लेख भए अनुसारको कार्य नगरेमा १० (दश) वर्ष अगावै सो कार्यहरु बन्द गरेमा स्वचालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर पार्ने कार्य गरेमा सम्झौताको शर्त बमोजिमको कार्य नगरेमा प्रदेश सरकारबाट प्राप्त रकम प्रचलित कानुन बमोजिम फिर्ता गर्ने लिखित प्रतिबद्धता गरे पश्चात **उपभोक्ता समितिका अध्यक्ष जगत महतरा र डिभिजन वन कार्यालय, सुर्खेतका डिभिजनल वन अधिकृत गोविन्दप्रसाद दहाल बीच** उच्च प्रविधियुक्त (हाइटेक) नर्सरी निर्माण गर्नका लागि हाईटेक नर्सरी उपभोक्ता समिति र डिभिजन वन कार्यालय, सुर्खेतबीच २ बर्ष भित्र सम्पन्न गर्ने भनी सम्झौता गरेको देखिन्छ। उक्त हाइटेक नर्सरी उपभोक्ता समितिको मिति २०७६।०८।११ गतेको बैठकबाट हाइटेक नर्सरी सम्बन्धी सामान खरिद गर्नका लागि १५ दिने सूचना प्रकाशित गर्ने भन्ने निर्णय अनुसार प्रतिवादीहरु एकआपसमा मिलेमतो गरी एउटै व्यक्ति गौतम महर्जन संचालकको रुपमा रहेको फर्महरुले न्यून रकम अन्तर राखी किसान एग्रो सोलुसन प्रा.लि.को मिति २०७६/०४/०८ को रु.८१,९९,८११।९८, नाफ सिड्स प्रा.लि.को मिति २०७६/०४/०५ को रु.८१,४०,९१५।०६ को र नेशनल एग्रीकल्चरल एण्ड फरेष्टी प्रा.लि.को मिति २०७६/०४/ ०६ को रु.८१,६०,३८३।१९ को कोटेशन पेश गर्न लगाएको देखिन्छ। उक्त नर्सरी संचालनका लागि ५० के.भी.ए., थ्रि फेज, ११/०.४ के.भी ट्रान्सफर्मर का साथै ०.४ के.भी. को थ्रि-फेज लाईन अनिवार्य रुपमा आवश्यक रहेकोमा सो नर्सरी निर्माणस्थलमा उल्लिखित क्षमताको लाईन नरहेको स्थान छनौट गरिएको छ भने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयबाट खटि गएको प्राविधिक सहितको टोलीले उक्त स्थानमा नर्सरी निर्माण भएतापनी उक्त हाईटेक नर्सरीमा विद्युत आपूर्तिको लागि थ्री फेज लाईन जडान नभएको र संचालन नभएको भन्ने समेत व्यहोराको प्रतिवेदन तथा मुचुल्का रहेकोमा उक्त मुचुल्लका र प्रतिवेदनका साक्षी दिपक देवकोटाले प्रतिवेदन र मुचुल्कामा भएको व्यहोरा र सहिछाप मेरो समेत हो भनी प्रतिवेदनको व्यहोरा समर्थित हुने गरी अदालत समक्ष बकपत्र गरी दिएको अवस्थमा उक्त बकपत्र तथा प्रतिवेदन समेतका प्रमाणलाई प्रमाण ऐन,२०३१ को दफा १८ बमोजिम प्रमाणको रुपमा ग्रहण गर्नुपर्नेमा उल्लिखित सवुद प्रमाणलाई ग्रहण नगरी प्रतिवादीहरुलाई सफाई दिई भएको प्रस्तुत फैसला त्रुटिपूर्ण भई बदर भागी छ।<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोगकका इन्जिनियर कमल कुमार दर्लामी समेतको को प्राविधिक टोलीको मिति २०७७/०५/१६ को प्रतिवेदन र इन्जिनियर दिपक देवकोटा समेतको प्राविधिक टोलीको मिति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिवादीहरुबाट ऐ. ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम असुल उपर हुन मागदावी लिइएको देखिन्छ।<br>• NAF SEEDS Pvt. Ltd. को संचालक गौतम महर्जनले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसूर गरेको पुष्टि भएकोले निज प्रतिवादी गौतम महर्जनलाई रु.७१,७७,४३५।- (अक्षेरुपी एकहत्तर लाख सत्तहत्तर हजार चार सय पैतिस) बिगो कायम गरी ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिमको कैद तथा जरिवानाको सजाय गरी उक्त बिगोसमेत निज प्रतिवादीबाट ऐ.ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिम असुल उपर हुन मागदावी लिइएको देखिन्छ।<br>अदालतको फैसला<br>• **सिम्ता गाँउपालिका सुर्खेतका तत्कालीन वडाअध्यक्ष मोहनकुमार बि.सी र सिम्ता गाँउपालिकाका तत्कालीन अध्यक्ष कविन्द्र कुमार के.सी.ले** भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुरको ऐ.ऐ.ऐनको दफा २२ बमोजिमको मतियारको कसूर गरेको पुष्टि भएको हुँदा प्रतिवादीहरु मोहन कुमार बि.सी. र कविन्द्र कुमार के.सी.लाई रु.८४,८६,६४२।-(अक्षेरुपी चौरासी लाख छयासी हजार छ सय बयालिस रुपियाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले हुने सजायमा ऐ. ऐ.ऐनको दफा २२ बमोजिमको सजायको मागदावी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएकोमा **प्रतिवादीहरु कविन्द्र कुमार के.सी. समेतका आरोपपत्रमा प्रतिवादी कायम गरिएका जना-११ लाई** आरोपदावी बमोजिमको कसूरबाट सफाई पाउने भनी विशेष अदालतबाट फैसला भएको अवस्था छ। | | २०७९/१०/१५ को स्थलगत मुचुल्का तथा प्राविधिक प्रतिवेदनमा सम्झौता बमोजिम नै हाइटेक नर्सरी निर्माण भएतापनी उक्त हाईटेक नर्सरीको लागी आवश्यक विद्युत आपूर्तिको लागि थ्री फेज लाईन जडान नभएको र हाल उक्त नर्सरी संचालन समेत नभएको, छानाको दुई ठाउँको पिसि सेट हावाले उडाएको भन्ने समेतका व्यहोरा प्रतिवेदन तथा मुचुल्काले औंल्याएको देखिन्छ। त्यसै गरी **वडाअध्यक्ष मोहनकुमार बि.सी .र उपभोक्ता समितिको अध्यक्ष जगत महताराले** उच्च प्रविधियुक्त नर्सरी निर्माण गरी कम्तिमा १० दश वर्षसम्म निरन्तरता दिने र प्रस्तावमा उल्लेख भए अनुसारको कार्य नगरेमा, १० (दश) वर्ष अगावै सो कार्यहरु बन्द गरेमा, स्वचालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर पार्ने कार्य गरेमा, सम्झौताको शर्त बमोजिमको कार्य नगरेमा प्रदेश सरकारबाट प्राप्त रकम प्रचलित कानुन बमोजिम फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गरेकोमा उक्त नर्सरी प्रतिबद्धता गरे अनुरुप सञ्चालन भएको देखिंदैन। आयोगका प्राविधिक इन्जिनियर दिपक देवकोटा समेतले मिति २०७९/१०/१५ गते पेश गरेको स्थलगत मुचुल्लका र प्रतिवेदनका साक्षी दिपक देवकोटाले प्रतिवेदन र मुचुल्कामा भएको व्यहोरा र सहिछाप मेरो समेत हो भनी प्रतिवेदनको व्यहोरा समर्थित हुने गरी अदालत समक्ष बकपत्र गरी दिएको देखिंदा प्रमाण ऐन,२०३१ को दफा १८ बमोजिम उक्त बकपत्रलाई प्रमाणमा ग्रहण गर्नुपर्ने र कुनै पनि योजना सम्पन्न भई सकेपछि कार्यान्वयनमा आउनुपर्ने उक्त योजनाको अनिवार्य शर्त हो यसरी सरकारी रकमबाट निश्चित उदेश्यका साथ लगानी गरेको योजना कार्यन्वयनमा नै नआएको अवस्थामा प्रतिवादीहरुले गरेको उक्त भ्रष्टाचारजन्य कार्यलाई नजर अन्दाज दिंदै जाने हो भने राज्यकोषको रकम उपलब्धि विहिन तरिकाले खर्च गर्दै जाने र निश्चित व्यक्तिहरुले आफ्नो फाईदा र स्वार्थ अनुकुल प्रयोग गर्दै जाने प्रवृति मौलाउदै जाने जोखिम रहिरहने हुँदा उल्लिखित सवुद प्रमाणलाई अनदेखा गरी प्रतिवादीहरुलाई सफाई दिई भएको फैसला त्रुटिपूर्ण रहेको ले बदर भागी छ।<br>• उच्च प्रविधियुक्त नर्सरी स्थापना र संचालन कार्यविधि,२०७५ को दफा ९ को उपदफा (१) मा उच्च प्रविधियुक्त नर्सरीको दिगो संचालन तथा व्यवस्थापन सम्बन्धित उपभोक्ता समिति, स्थानिय तह र डिभिजन वन कार्यालयको जिम्मेवारी हुने छ भन्ने स्पष्ट व्यवस्था रहेकोमा यि प्रतिवादीहरु कविन्द्र कुमार के.सी.समेतका प्रतिवादीहरुले उक्त नर्सरीको संचालन र व्यवस्थापन गर्नुपर्ने दायित्व र जिम्मेवारी पुरा नगरी उच्च प्रविधियुक्त नर्सरीको लागी प्रदेश सरकारबाट प्राप्त रकम मध्ये रु.८४,८६,६४२।-(अक्षेरुपी चौरासी लाख छयासी हजार छ सय बयालिस रुपियाँ) सरकारी रकमको हिनामिना, हानिनोक्सानी वा दुरुपयोग गरी भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि भईरहेको अवस्थामा आरोप पत्रमा उल्लेख गरेको उच्च प्रविधियुक्त नर्सरी स्थापना र संचालन कार्यविधि,२०७५ को दफा ९ विपरित विशेष अदालत काठमाडौंले वारदात मिति भन्दा पछि बनेको नर्सरी व्यवस्थापन तथा सञ्चालन सम्बन्धमा नर्सरी व्यवस्थापन तथा सञ्चालन कार्यविधि,२०७८ मिति २०७८/१२/०२ गते मात्र जारी भएको भनी वारदात पछी बनेको कार्यविधिलाई आधार लिई प्रतिवादीहरुलाई आरोप दावीबाट उन्मुक्ति दिने गरी भएको उक्त फैसला त्रुटिपुर्ण रहेकोले बदर भागी छ।<br>• **प्रस्तुत मुद्दामा आरोपदावीमा प्रतिवादी कायम गरिएका निम्न प्रतिवादीहरुको निम्नानुसारको भ्रष्टाचारजन्य कार्य गरेको मिसिल संलग्गन प्रमाण कागजहरुबाट पुष्टि भएको देखिन्छ।**<br>• **डिभिजन वन कार्यालय, सुर्खेतका तत्कालीन डिभिजनल वन अधिकृत गोविन्द प्रसाद दहाल, तत्कालीन सहायक वन अधिकृत टेकबहादुर रावल र तत्कलिन लेखापाल लक्ष्मी कुमारी थापा क्षेत्रीको हकमाः-** सुर्खेत जिल्लाको सिम्ता गाँउपालिका वडा नं.५ अन्तर्गत **थ्रि फेज लाईन नभएको स्थानमा** उच्च प्रविधिको नर्सरी स्थापना लागी शुरुको लागत अनुमान तयार गर्ने, सम्झौता गर्ने, आयोजनाको नाँपजाच गरी कार्यसम्पन्न प्रतिवेदन (उपभोक्ता समिति सँग सम्झौता गरेको मिति भन्दा अगाडीको मिति २०७६।०६।१८ राखी लापरवाही पुर्ण तरिकाले कार्यसम्पन्न प्रतिवेदनमा समेत तयार गरेको) तयार गर्ने कार्यमा प्रत्यक्ष संलग्न तत्कालिन कार्यालय प्रमुख गोविन्द प्रसाद दहाल र तत्कालिन योजना फाँट प्रमुख सहायक वन अधिकृत टेक बहादुर रावल एवम् उपभोक्ता समितिले कोटेशन बाट नाफ सिड्स प्रा.लि.सँग नर्सरीको लागी चाहिने उपकरण खरिद गर्दा सिम्ता |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | हाईटेक नर्सरी उपभोक्ता समितिसँग सम्झौता गरी कार्य प्रारम्भ गर्नु भन्दा अगाडी कै मितिका कोटेशनहरु (किसान एग्रो सोलुसन प्रा.लि.को मिति २०७६/०४/०८ को रु.८१,९९,८११।९८, नाफ सिड्स प्रा.लि.को मिति २०७६/०४/०५ को रु.८१,४०,९१५।०६ को र नेशनल एग्रीकल्चरल एण्ड फरेष्टी प्रा.लि.को मिति २०७६/०४/ ०६ को रु.८१,६०,३८३।१९ को प्राप्त कोटेशन) तथा सम्झौता भई कार्य प्रारम्भ हुनु अगाडीको नाफ सिड्स प्रा.लि. को Invoice No: 019 को बिल सिम्ता हाईटेक नर्सरी उपभोक्ता समिति मार्फत स्वीकार गरी तत्कालिन लेखापाल लक्ष्मी कुमारी थापा क्षेत्रीले अन्तिमसम्मको भुक्तानी दिएको देखिदा उच्च प्रविधिको नर्सरी स्थापनाको लागी चाहिने थ्रि फेजको विद्युत लाईन जडान नभएको स्थानमा  नर्सरी स्थापना गर्न उपभोक्ता समितिसँग सम्झौता गरी उच्च प्रविधियुक्त नर्सरीको निर्माण हुँदा सम्म थ्रि फेज लाईन जडानको लागी कुनै प्रकारको पहल नगरी सिम्ता हाईटेक नर्सरी उपभोक्ता समितिलाई रकम भुक्तानी गरेको एवम् सिम्ता गाँउपालिकाको तत्कालिन अध्यक्ष  कविन्द्र कुमार के.सी., ऐ. ऐ. गाँउपालिकाको वडा नं ५ को वडाअध्यक्ष मोहन कुमार बि.सी. र उपभोक्ता समितिको अध्यक्ष जगत महतराले नर्सरी तयार भएपछि कम्तिमा १० दश वर्ष सम्म निरन्तरता दिई प्रस्ताव अनुसारको कार्य गरी १० (दश) वर्ष अगावै सो कार्यहरु बन्द गरेमा स्वचालित क्रियाकलापबाट वाताबरणलाई नकारात्मक असर पार्ने कार्य भएमा तथा सम्झौतामा शर्त बमोजिमको कार्य नगरेमा प्रदेश सरकारबाट प्राप्त रकम प्रचलित कानून बमोजिम फिर्ता गर्ने प्रतिबद्धता गरेकोमा प्रतिबद्धता जाहेर गर्ने निजहरुलाई समेत कुनै प्रतिबद्धता पुरा गर्न नलगाई NAF Seeds Pvt. Ltd ले उपभोक्ता समिति मार्फत पेश गरेको पहिलो बिलको रु.७१,७७,४३५।-, उपभोक्ता समितिले पेश गरेको दोस्रो र तेस्रो रनिङ विल क्रमशः रु. ८,६१,३२८।- र रु. ४,४७,८७९।- गरी जम्मा रु.८४,८६,६४२।-(अक्षेरुपी चौरासी लाख छयासी हजार छ सय बयालिस रुपियाँ) सिम्ता उपभोक्ता समितिलाई भुक्तानी गरेकोमा प्रतिवादीहरु गोविन्द प्रसाद दहाल, टेक बहादुर रावल र लक्ष्मी कुमारी थापा क्षेत्रीले अनुसन्धानको क्रममा र अदालतमा स्वीकार गरि बयान गरेको देखिन्छ भने अख्तियार दुरुपयोग अनुसन्धान आयोगका स्थलगत मुचुल्लका तथा प्रतिवेदक दिपक देवकोटाले समेत उक्त नर्सरीमा थ्री फेज लाईन जडान नभएको साथै नर्सरी संचालनमा नआएको भनी अदालत समक्ष बकपत्र गरिदिएको समेतका उल्लिखित तथ्य प्रमाणहरुबाट यि प्रतिवादीहरुले उच्च प्रविधिको नर्सरी स्थापना गरी बाझो तथा खाली जमिनमा बृक्षारोपण तथा जडिबुटी खेती बिस्तार कार्यक्रम संचालन र कार्यान्वयनमा नल्याई रु.८४,८६,६४२।-(अक्षेरुपी चौरासी लाख छयासी हजार छ सय बयालिस रुपियाँ) सरकारी रकमको हिनामिना, हानिनोक्सानी वा दुरुपयोग गरी भ्रष्टाचार गरेको पुष्टि हुँदा हुँदै यि प्रतिवादीहरुलाई कसुरवाट सफाई दिने गरि भएको उक्त फैसला त्रुटिपुर्ण रही बदर भागी छ।<br>• **सिम्ता सव डिभिजन वन कार्यालयका तत्कालिन रेन्जर कमल चित्रकार र भोजप्रसाद उपाध्यायको हकमाः-** सिम्ता गाँउपालिका वडा नं.-५ मा निर्माण हुने हाईटेक नर्सरी निर्माणको क्रममा निर्माणमा प्रयोग हुने सामाग्रीहरु निर्माण स्थलसम्म ल्याईसकेको हुँदा सो सामाग्रीको खरिद र ढुवानी बापतको रकम भुक्तानीकोलागी सिम्ता हाईटेक नर्सरी उपभोक्ता समिति र सिम्ता गाँउपालिका वडा नं.५ को समेतको सिफारिस भएकोले र सम्बन्धित निर्माण सामाग्रीहरु निर्माण स्थलमा आईसकेकोले भुक्तानी दिनु भनी नाफ सिड्स प्रा.लि.ले उपभोक्ता समिति मार्फत माग गरेको निर्माण सामाग्रीको रु.८१,४०,९१५।०६ को Invoice No: 019 बिल अनुसार सिम्ता सव डिभिजन वन कार्यालयका तत्कालिन रेन्जर भोजप्रसाद उपाध्यायले मिति २०७६।०८।२४ मा गरेको सिफारिसको आधारमा डिभिजन वन कार्यालय सुर्खेतबाट रु.७१,७७,४३५।— उपभोक्ता समितिलाइ खुद भुक्तानी भएको र सिम्ता हाईटेक नर्सरी उपभोक्ता समितिले निर्माणधिन हाईटेक नर्सरीको लागी प्रयोग भएको निर्माण सामाग्री र ज्यामीको रकम निकासको लागी कागजात र बिल भर्पाई अनुसार रकम भुक्तानी गर्नु हुन भनी सिम्ता सव डिभिजन वन कार्यालयको तत्कालिन रेन्जर कमल चित्रकारको सिफारिसमा डिभिजन वन कार्यालयले दोस्रो रनिङ विलको रु.८,६१,३२८।- उपभोक्ता समितिलाई भुक्तानी गरेको देखिएको र उक्त नर्सरी निर्माण पश्चात पनि हाल सम्म पनि हाईटक नर्सरी संचालन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | नहुँदा प्रतिवादी भोजप्रसाद उपाध्यायले सिफारिस गरेको आधारमा रु. ७१,७७,४३५।—(अक्षेरुपी एकहत्तर लाख सतहत्तर हजार चार सय पैतिस) उपभोक्ता समितिलाई भुक्तानी भएको र कमल चित्रकारको सिफारिसमा रु.८,६१,३२८( अक्षेरुपी आठ लाख एकसट्ठी हजार तिनसय अट्ठाईस) उपभोक्ता समितिलाई भुक्तानी भएको कारणबाट सरकारी रकम दुरुपयोग तथा हानिनोक्सानी गर्ने कार्यको मतियार भई प्रतिवादीहरु भोजप्रसाद उपाध्याय र कमल चित्रकारले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ को कसुरमा दफा २२ बमोजिम मतियारको कसूर गरेको पुष्टि हुँदा हुँदै यी प्रतिवादीहरुलाई सफाई दिनेगरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण छ।<br>• **सिम्ता हाईटेक नर्सरीको उपभोक्ता समितिको अध्यक्ष जगत महतरा, उपभोक्ता समितिका सचिव चन्द्रप्रकाश थापा र उपभोक्ता समितिका कोषाध्यक्ष मिना पोखरेल हमालको हकमा :-** सुर्खेत जिल्लाको सिम्ता गाँउपालिका वडा नं.५ को उच्च प्रविधिको नर्सरी स्थापना गरी बाझो तथा खाली जमिनमा बृक्षारोपण तथा जडिबुटी खेती बिस्तार कार्यक्रमको निर्माण सम्पन्न गर्नको लागी थ्रि फेज लाईन जडान नभएको स्थानमा स्वचालित तथा बातावरण अनुकुलित व्यवस्थापनको अतिरिक्त परावैजनी किरण अवरोधक पोलिथिन (Ultra Violate Stabilized Polyethylene film), तापमान नियन्त्रण जाली (Ultra Violate Stabilized Thermal Net) सँगै एग्रीनेट र इन्सेक्ट नेट (Green Agro Net and Insect Net) को आवरण भएको Galvanized Iron, Polycarbonate र Aluminum Locking Profile बाट निर्मित सुक्ष्म सिचाई प्रणाली बाट पोषक तत्व व्यवस्थापन आदि सहितको वन पैदावारजन्य बालीको गुणस्तरीय वेर्ना उत्पादन गर्ने "उच्च प्रविधियुक्त नर्सरी" निर्माण गर्नको लागी समुह गठन गरेपश्चात सिम्ता हाईटेक नर्सरी उपभोक्ता समितिको अध्यक्ष जगत महतराले उच्च प्रविधियुक्त नर्सरी निर्माण गरी उच्च मुल्य युक्त प्रजातिको बेर्ना उत्पादन गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताको लागि प्रस्तावमा उल्लेख भए बमोजिमको नर्सरी तयार भएपछि कम्तिमा १० दश वर्ष सम्म निरन्तरता दिई प्रस्ताव अनुसारको कार्य गर्न कुल लागतको कम्तिमा १०% रकम स्व-लगानी गर्न समेत मन्जुर रही प्रस्तावमा उल्लेख भए अनुसारको कार्य नगरेमा, १० (दश) वर्ष अगावै सो कार्यहरु बन्द गरेमा, स्वचालित क्रियाकलापबाट वाताबरणलाई नकारात्मक असर पार्ने कार्य गरेमा, सम्झौतामा शर्त बमोजिमको कार्य नगरेमा प्रदेश सरकारबाट प्राप्त रकम प्रचलित कानून बमोजिम फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु भन्ने व्यहोराको प्रतिबद्दता पत्रमा हस्ताक्षर गरी झुट्टा प्रतिबद्धता गरको तथा डिभिजन वन कार्यालय सुर्खेतसँग सम्झौता गरी उपभोक्ता समितिले कोटेशन बाट नर्सरीको लागी चाहिने उपकरण खरिद गर्दा डिभिजन वनसँग सम्झौता गरी कार्य प्रारम्भ गर्नु भन्दा अगाडी कै मितिका कोटेशनहरु(किसान एग्रो सोलुसन प्रा.लि.को मिति २०७६/०४/०८ को रु.८१,९९,८११।९८, नाफ सिड्स प्रा.लि.को मिति २०७६/०४/०५ को रु.८१,४०,९१५।०६ को र नेशनल एग्रीकल्चरल एण्ड फरेष्टी प्रा.लि.को मिति २०७६/०४/ ०६ को रु.८१,६०,३८३।१९ को प्राप्त कोटेशन) स्वीकार गरी नाफ सिड्स प्रा.लि.को संचालक गौतम महर्जनसँगको मिलोमतोमा NAF SEEDS Pvt. Ltd. को मिति २०७६/०६/१२ गतेको Invoice Number 019 को रु.८१,४०,९१५।०६ बिल रकम अनुसारको डिभिजन वन कार्यालय सुर्खेतसँग बाट पहिलो विल रकम रु.७१,७७,४३५।-(अक्षेरुपी एकहत्तर लाख सत्तहत्तर हजार चार सय पैतिस) तथा दोस्रो रनिङ विलको रु.८,६१,३२८।- र तेस्रो विलको रु.४,४७,८७९।- रकमसमेत गरी जम्मा रु.८४,८६,६४२।-(अक्षेरुपी चौरासी लाख छयासी हजार छ सय बयालिस रुपियाँ) भुक्तानी लिएकोमा नर्सरी निर्माण पश्चात नर्सरी संचालनमा नआएकोले नाफ सिड्स प्रा.लि.को संचालक गौतम महर्जन र डिभिजन वन कार्यालयका तत्कालिन कार्यालय प्रमुख गोविन्द प्रसाद दहाल, सहायक वन अधिकृत टेक वहादुर रावल र लेखापाल लक्ष्मी कुमारी थापा क्षेत्री समेतको मिलोमतोमा सरकारी रकम रु.८४,८६,६४२।-(अक्षेरुपी चौरासी लाख छयासी हजार छ सय बयालिस रुपियाँ) दुरुपयोग र हानिनोक्सानी भएको देखिएकोले आफुहरुलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानीनोक्सानी पुऱ्याई सिम्ता उपभोक्ता समितिको अध्यक्ष जगत महतरा, सचिव चन्द्रप्रकाश थापा र कोषाध्यक्ष मिना पोखरेल हमालले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिमको भ्रष्टाचारजन्य कसुर गरेको उल्लिखित तथ्य प्रमाणबाट पुष्टि हुँदा हुँदै |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | यि प्रतिवादीहरुलाई सफाई दिने गरि भएको प्रस्तुत फैसला त्रुटिपूर्ण रही बदर भागी छ।<br>• **NAF SEEDS Pvt. Ltd. को संचालक गौतम महर्जनको हकमा:-** सुर्खेत जिल्लाको सिम्ता गाँउपालिका वडा नं.५ को उच्च प्रविधिको नर्सरी स्थापना गरी बाझो तथा खाली जमिनमा बृक्षारोपण तथा जडिबुटी खेती बिस्तार कार्यक्रमको निर्माण गर्नको लागी चाहिने उपकरणको लागी आफ्नै नाममा रहेका ३ वटा कम्पनीहरुबाट सिम्ता हाईटेक नर्सरी उपभोक्ता समितिमा उपभोक्ता समिति र डिभिजन वन कार्यालय विचको सम्झौता तथा सिम्ता हाईटेक नर्सरी उपभोक्ता समिति गठन भएको भन्दा अगावैको मितिको सिम्ता उपभोक्ता समितिका पदाधिकारसँगको मिलोमतोमा थोरै थोरै रकमको अन्तर पारी कोटेशन पेश गरि नाफ सिड्स प्रा.लि. को नामबाट निर्माण कार्य गरेपश्चात NAF SEEDS Pvt.Ltd. को मिति २०७६/०६/१२ (जुन विल उपभोक्ता समितिसँग सम्झौता भई कार्य शुरु हुनु भन्दा अगाडीको नै रहेको) गतेको Invoice Number ०१९ को रु.८१,४०,९१५।०६ बिल रकम अनुसार उपभोक्ता समिति मार्फत डिभिजन वन कार्यालयमा बिल पेश गरी रु. ७१,७७,४३५।-(अक्षेरुपी एकहत्तर लाख सत्तहत्तर हजार चार सय पैतिस) भुक्तानी लिएकोमा थ्रि फेज बिद्युतको लाईन बिस्तार नभएको स्थानमा सो हाईटेक नर्सरी संचालन नै सम्भव नभएको अवस्थामा कोटेशन पेश गरेदेखी भुक्तानीको विल तयार गरी भुक्तानी लिँदा सम्म NAF SEEDS Pvt. Ltd. का संचालक गौतम महर्जनको सिम्ता उपभोक्ता समितिसँग मिलोमतो गरी प्रतिवादी गौतम महर्जनले सिम्ता हाईटेक नर्सरी उपभोक्ता समिति मार्फत रु.७१,७७,४३५।- (अक्षेरुपी एकहत्तर लाख सत्तहत्तर हजार चार सय पैतिस) भुक्तानी लिई सरकारी रकमको दुरुपयोग र हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिमको भ्रष्टाचारजन्य कसुर गरेको उल्लिखित तथ्य प्रमाणबाट पुष्टि हुँदा हुँदै यि प्रतिवादीहरुलाई सफाई दिने गरि भएको प्रस्तुत फैसला त्रुटिपूर्ण रही बदर भागी छ।<br>• **सिम्ता गाँउपालिका सुर्खेतका तत्कालीन वडाअध्यक्ष मोहनकुमार बि.सी र सिम्ता गाँउपालिकाका तत्कालीन अध्यक्ष कविन्द्र कुमार के.सी.को हकमा :-** सुर्खेत जिल्लाको सिम्ता गाँउपालिका वडा नं.५ को उच्च प्रविधिको नर्सरी स्थापना गरी बाझो तथा खाली जमिनमा बृक्षारोपण तथा जडिबुटी खेती बिस्तार कार्यक्रमको निर्माण गर्नको लागी थ्रि फेज विद्युतको लाईनबाट मात्र संचालन गर्नु पर्ने उच्च प्रविधियुक्त नर्सरी निर्माण गरी उच्च मुल्ययुक्त प्रजातिको बेर्ना उत्पादन गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताको लागि प्रस्तावमा उल्लेख भए बमोजिमको नर्सरी तयार भएपछि कम्तिमा १० दश वर्ष सम्म निरन्तरता दिई प्रस्ताव अनुसारको कार्य गर्न कुल लागतको कम्तिमा १०% रकम स्व-लगानी गर्न समेत मन्जुर भई, प्रस्तावमा उल्लेख भए अनुसारको कार्य नगरेमा, १० (दश) वर्ष अगावै सो कार्यहरु बन्द गरेमा, स्वचालित क्रियाकलापबाट वाताबरणलाई नकारात्मक असर पार्ने कार्य गरेमा, सम्झौतामा शर्त बमोजिमको कार्य नगरेमा प्रदेश सरकारबाट प्राप्त रकम प्रचलित कानून बमोजिम फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं भन्ने व्यहोराको प्रतिबद्दता पत्रमा हस्ताक्षर गरे पश्चात डिभिजन वन कार्यालय सुर्खेत र सिम्ता हाईटेक नर्सरी उपभोक्ता समिति विच थ्रि फेजको बिद्युत लाईन प्रसारण नभएको स्थानमा हाईटेक नर्सरी निर्माण गर्ने सम्झौता भएकोमा उक्त नर्सरी निर्माण पश्चात पनि हाल सम्म थ्रि फेजको बिद्युत लाईन हाईटेक नर्सरीमा जडान नगरी हाईटक नर्सरी संचालन नभएको र आफुले गरेको प्रतिबद्धता पुरा नगरी सिम्ता गाँउपालिकाको वडा नं.५ को तत्कालिन वडा अध्यक्ष मोहनकुमार वि.सी.को विल रकम भुक्तानी गरिदिनु भन्ने सिफारिस समेतको आधारमा सिम्ता हाईटेक नर्सरी उपभोक्ता समितिलाई NAF Seeds Pvt.Ltd. ले उपभोक्ता समिति मार्फत पेश गरेको बिलको रु. ७१,७७,४३५।-, दोस्रो रनिङ विलको रु. ८,६१,३२८।- र अन्तिम रनिङ विलको रु. ४,४७,८७९।- गरी जम्मा रु.८४,८६,६४२।-(अक्षेरुपी चौरासी लाख छयासी हजार छ सय बयालिस रुपियाँ) भुक्तानी दिई सरकारी रकम दुरुपयोग तथा हानिनोक्सानी गर्ने कार्य गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा २२ बमोजिम मतियार भई भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि भएको हुँदा प्रतिवादीहरुलाई उन्मुक्ति दिने उदेश्यले व्याख्या गरी सफाई दिई भएको फैसला त्रुटि पूर्ण छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • अतः माथि विवेचित आधार,कारण र मिसिल संलग्न प्रमाण एवंम् **सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०७५, अंक ११, निर्णय नं.१०१४२ मा प्रतिपादित** *" भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन। अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो। प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ । साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने"* भन्ने सिद्धान्त समेतको आधारमा **प्रतिवादीहरु कविन्द्रकुमार के.सी., मोहनकुमार वि.सी., गोविन्दप्रसाद दहाल, टेकबहादुर रावल, जगत महतरा, चन्द्रप्रकाश थापा, मिना पोखरेल हमाल, गौतम महर्जन, लक्ष्मीकुमारी थापा क्षेत्री, भोजप्रसाद उपाध्याय र कमल चित्रकारलाई** आरोप दावी बमोजिमको कसुरबाट सफाई पाउने ठहर गरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण देखिएकोले बदर भागी छ। |